# हातहतियार खरखजाना नियमावली, २०२८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२८।०९।१८

संशोधन

| | | | |
|---|---|---|---|
| १. | हातहतियार खरखजाना (पहिलो संशोधन) नियमावली, २०२९ | २०२९।०३।२७ |
| २. | हातहतियार खरखजाना (दोस्रो संशोधन) नियमावली, २०३० | २०३०।११।२८ |
| ३. | हातहतियार खरखजाना (तेस्रो संशोधन) नियमावली, २०४५ | २०४५।०९।१२ |
| ४. | हातहतियार खरखजाना (चौंथो संशोधन) नियमावली, २०५१ | २०५१।०५।२७ |
| ५. | हातहतियार खरखजाना (पाँचौं संशोधन) नियमावली, २०५५ | २०५५।०८।७ |
| ६. | हातहतियार खरखजाना (छैंठौं संशोधन) नियमावली, २०६७ | २०६७।०२।२० |
| ७. | हातहतियार खरखजाना (सातौं संशोधन) नियमावली, २०६९ | २०६९।०४।३१ |
| ८. | हातहतियार खरखजाना (आठौं संशोधन) नियमावली,२०७० | २०७०।०१।३०◆ |
| ९. | हातहतियार खरखजाना (नवौं संशोधन) नियमावली, २०७१ | २०७१।०९।१४ |
| १०. | हातहतियार खरखजाना (दशौं संशोधन) नियमावली, २०७८ | २०७८।०५।२१ |
| ११. | हातहतियार खरखजाना (एघारौं संशोधन) नियमावली, २०७९ | २०७९।०३।०२ |
| १२. | हातहतियार खरखजाना (बाह्रौं संशोधन) नियमावली, २०८० | २०८०।०९।१९ |

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २६ ले दिइएको अधिकार र त्यस सम्बन्धमा प्राप्त अधिकारको प्रयोग गरी नेपाल सकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "हातहतियार खरखजाना नियमावली, २०२८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

◆ मिति २०७१।१।३० मा प्रकाशित राजपत्रमा भूलले "सातौं संशोधन" भएकोमा मिति २०७१।०६।२७ मा प्रकाशित राजपत्रमा भएको भूल सुधारबाट "आठौं संशोधन" बनाइएको ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले हातहतियार खरखजाना ऐन, २०१९ सम्झनु पर्छ।

(ख) "इजाजतपत्र (लाइसेन्स)" भन्नाले यस नियमावली बमोजिम प्रदान गरिने कुनै किसिमको इजाजतपत्र (लाइसेन्स) सम्झनु पर्छ।

(ग) "यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स)" भन्नाले एक α जिल्लाको लागि मात्र इजाजतपत्र (लाइसेन्स) भएको हातहतियार खरखजानालाई अन्य α जिल्लामा वा अन्यत्र लैजान राख्न फिर्ता ल्याउनको लागि प्रदान गरिने इजाजतपत्र (लाइसेन्स) सम्झनु पर्छ।

(घ) "खरीद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स)" भन्नाले विदेशबाट वा नेपालको कुनै हातहतियार खरखजाना बिक्रेताबाट हातहतियार खरखजाना खरीद गर्न पाउने गरी प्रदान गरिएको इजाजतपत्र (लाइसेन्स) सम्झनु पर्छ।

■(ङ) "परिवार" भन्नाले सगोलको पति, पत्नी, छोरा वा अविवाहित छोरी सम्झनु पर्छ।

▶३. **इजाजतपत्र लिनु पर्ने हातहतियार तथा खरखजाना:** (१) १२, १६, २०, ४१० बोरको टोटावाल बन्दुक (सर्ट गन,) भरुवा बन्दुक, हावादारी बन्दुक र २२ बोरको राइफल र त्यसका खरखजाना सुरक्षा वा सिकारको लागि राख्न, लिएर हिड्न वा प्रयोग गर्नका लागि इजाजतपत्र लिनु पर्नेछ।

तर टोटावाल बन्दुक, भरुवा बन्दुक वा. २२ बोरको राइफल र त्यसका खरखजाना राख्न इजाजतपत्र प्राप्त व्यक्तिले हावादारी बन्दुक राख्नको लागि छुट्टै इजाजतपत्र लिनु पर्ने छैन र हावादारी बन्दुक राखे बापत कुनै दस्तुर तिर्नु पर्ने छैन।

(२) उपनियम (१) मा उल्लेख भएका बाहेक अरु कुनै पनि किसिमका बन्दुक, पेस्तोल वा रिवाल्भर र त्यस्ता हातहतियारका खरखजानाको लागि इजाजतपत्र दिइने छैन।

---

α चौंथो संशोधनद्वारा संशोधित।

■ तेस्रो संशोधनद्वारा थप।

▶ तेस्रो संशोधनद्वारा संशोधित।

▶४. **इजाजतपत्र दिने हातहतियारको संख्याः** (१) हातहतियारको इजाजतपत्र दिंदा हावादारी बन्दुक बाहेक एक व्यत्तिलाई बढीमा ३ नालसम्मको, सगोलको एक परिवारलाई बढीमा ६ नालसम्म र कूटनैतिक सुबिधा प्राप्त व्यक्तिलाई बढीमा ६ नालसम्म हातहतियार राख्न इजाजतपत्र दिइनेछ तर यो नियम प्रारम्भ हुँदाको बखत कसैले इजाजतपत्र प्राप्त गरी यस नियम बमोजिम राख्न पाउने भन्दा बढी हातहतियार खरखजाना राखेको रहेछ भने त्यस्तो व्यक्तिले त्यस्तो हातहतियार खरखजाना आफ्नो जीवनभर मात्र राख्न पाउनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुटनैतिक सुविधाप्राप्त व्यक्ति बाहेक अन्य व्यक्तिलाई एक पटकमा एक नाल हातहतियारको मात्र इजाजतपत्र दिइनेछ र त्यसरी इजाजतपत्र प्राप्त गरेको ५ वर्ष भुक्तान नभईकन थप हातहतियारको लागि इजाजतपत्र दिइने छैन।

(३) ⌘..........

५. **इजाजतपत्र (लाइसेन्स) को लागि निवेदनः** देहायको इजाजतपत्र (लाइसेन्स) लिन चाहने व्यक्तिले देहायको अनुसूचीमा तोकिएको ढाँचामा प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्छः—

| | इजाजतपत्र (लाइसेन्स) | अनुसूची |
|---|---|---|
| (क) | हातहतियार राख्ने इजाजतपत्र (लाइसेन्स) | अनुसूची १(क) |
| | | अनुसूची १(ख) |
| (ख) | यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) | अनुसूची २ |
| (ग) | हातहतियार खरखजाना मरमत गर्ने इजाजतपत्र (लाइसेन्स) | अनुसूची ३ |
| (घ) | खरीद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स) | अनुसूची ४ |
| (ङ) | हातहतियार खरखजाना बिक्री गर्ने इजाजपत्र (लाइसेन्स) | अनुसूची ५(क) |
| (च) | हातहतियार खरखजाना उत्पादन गरी बिक्री | |

▶ तेस्रो संशोधनद्वारा संशोधित।

⌘ चौथो संशोधनद्वारा झिकिएको।

नेपाल कानून आयोग

गर्ने इजाजतपत्र (लाइसेन्स) अनुसूची ५(ख)

६ **<u>इजाजतपत्र (लाइसेन्स) दिन जाँचबुझ गर्नेः</u>** यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) बाहेक अन्य इजाजतपत्र (लाइसेन्स) को लागि निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले निवेदनको सम्बन्धमा देहायका कुराहरुको जाँचबुझ गर्न सक्नेछः—

(क) उमेर र मानसिक स्वास्थ्य,

(ख) नागरिकता र प्रतिष्ठा,

(ग) संगीन फौज्दारी अभियोगमा सजाय पाएको छ/छैन,

(घ) हिंसात्मक राजनैतिक गतिविधि र खराब चालचलन छ/छैन,

(ङ) कुनै किसिमको हातहतियारको इजाजतपत्र (लाइसेन्स) पाइसकेको छ/ छैन,

(च) पहिले कुनै हातहतियार लुटिए चोरिए हराएको छ/छैन,

(छ) शिकार र हातहतियार खरखजाना सम्बन्धमा कुनै कसूरको सजाय पाएको छ/छैन,

■(ज) पहिले कुनै हातहतियार अरुलाई बेचबिखन वा नामसारी रहेको छ/छैन।

७. **<u>इजाजतपत्र दिनेः</u>** (१) प्रमुख जिल्ला अधिकारीले कुनै इजाजतपत्र (लाइसेन्स) को लागि आफू कहाँ परेको निवेदनमा नियम ६ बमोजिम र आवश्यक अन्य सबै कुराको जाँचबुझ गरी इजाजतपत्र (लाइसेन्स) दिन ठहराए लाग्ने दस्तुर लिई अवस्थानुसार अनुसूची ६, ७, ८, ९, १० र १० बमोजिम इजाजतपत्र (लाइसेन्स) गरी दिनु पर्छ। तर नियम ५ को खण्ड (ङ) र (च) बमोजिम इजाजतपत्र (लाइसेन्स) दिंदा प्रमुख जिल्ला अधिकारीले नेपाल सरकारको पूर्व स्वीकृति लिएिर मात्र दिनु पर्छ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहाय बमोजिम गर्नु पर्छः—

(क) हातहतियार खरखजाना विदेश यात्रा इजाजतपत्र (जर्नी लाइसेनेन्स) का हकमा सबन्धित विदेशी सरकार वा राजदूतावासबाट आवश्यक

■ तेस्रो संशोधनद्वारा थप ।

इजाजतपत्र प्राप्त गराई दिन इजाजतपत्रवाला (लाइसेन्स होल्डर) सँग αआवश्यक विवरण र ❁एक हजार रुपैयाँ दस्तुर लिई सो निजको निवेदन र आफ्नो सिफारिश साथ परराष्ट्र मन्त्रालयमा पठाउनु पर्छ।

(ख) विदेशबाट हातहतियार खरखजाना खरीद गरी झिकाउने इजाजतपत्र (पर्चेज लाइसेन्स) का हकमा प्रमुख जिल्ला अधिकारीले नियम बमोजिम आवश्यक जाँचबुझ गरी झिकाउन दिन हुनेमा αआवश्यक विवरण र ❁एक हजार रुपैयाँ दस्तुर लिई आफ्नो सिफारिश सहित सो विदेशी सरकारका राजदूताबासबाट हातहतियार खरखजाना झिकाउन दिन आवश्यक इजापत्र प्राप्त गराई गृह मन्त्रालयमा लेखी पठाउनु पर्छ। गृह मन्त्रालयले पनि झिकाउन दिन मुनासिव देखेमा त्यस्तो इजाजतपत्र प्राप्त गराइ दिन आवश्यक कारवाई गर्नेछ।

✂त्यस्तो इजाजतपत्र प्राप्त गरेकोमा इजाजतपत्र म्यादभित्र हातहतियार खरखजाना खरीद गरी झिकाई सक्नु पर्छ। आइपुगि नसकेकोमा यस नियमावली बमोजिम पन्ध्र दिनभित्र दर्ता गराई राख्ने इजाजतपत्र (लाइसेन्स) लिई सक्नु पर्छ झिकाएको हातहतियार आइपुगिसकेकोमा माल चलान भएको कागज (शिपिङ डकुमेण्ट) को सूचनाको नक्कल समेत राखी विवरण खुलाई सूचना र झिकाउँदै नझिकाएकोमा सो हातहतियार खरखजाना विदेशबाट खरीद गरी झिकाउने इजाजतपत्र (पर्चेज लाइसेन्स) म्याद नाघेको पन्ध्र दिनभित्र प्रमुख जिल्ला अधिकारी छेउ दाखिल गर्नुपर्छ।

❐माथि लेखिए बमोजिम म्यादभित्र सूचना दिएकोमा गृह मन्त्रालयले म्याद थप्न मुनासिव सम्झेमा आवश्यक म्याद थप गरी दिन सक्नेछ। म्याद थपी नदिएकोमा वा म्याद थपी दिएकोमा सो

α चौंथो संशोधनद्वारा संशोधित ।
❁ छैठौं संशोधनद्वारा संशोधित ।
✂ दोस्रो संशोधनद्वारा संशोधित ।
❐ दोस्रो संशोधनद्वारा थप ।

थप म्याद नाघेपछि त्यस्तो झिकाउने इजाजतपत्र स्वतः खारेज हुनेछ।

(३) यस नियम बमोजिम दिइएको इजाजतपत्र (लाइसेन्स) को लगत इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीले सो दिएको तीस दिनभित्र सम्बन्धित ❖इजाजतपत्र पाउने व्यक्तिको स्थायी बसोवास भएको जिल्लाको जिल्ला प्रशासन कार्यलय र जिल्ला प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

❖(३क) उपनियम (३) बमोजिम नगद प्राप्त भएपछि सम्बन्धित कार्यालयले त्यसको अभिलेख राख्ने पर्नेछ।

(४) हातहतियार राख्ने इजाजतपत्र (लाइसेन्स) वालाको निवेदनमा यस नियमावली बमोजिम लाग्ने इजाजतपत्र (लाइसेन्स) दस्तुर बमोजिमको थप दस्तुर लिई सो हातहतियार खरखजानको एक जना बाहक (रिटेनर) को नाम इजाजतपत्रमा उल्लेख गर्न सकिनेछ। प्रत्येक पटक बाहकको नाम परिवर्तन गर्दा यस उपनियम बमोजिम थप दस्तुर लाग्नेछ।

८. **राख्न र खरीद गर्न पाउने खरखजानाको परिमाणः** ▶(१) यस नियमावली बमोजिम हातहतियार राख्न इजाजतपत्र प्राप्त व्यक्तिले देहायको हातहतियारको लागि एक पटकमा राख्न पाउने र प्रत्येक वर्ष विदेशबाट झिकाउन वा खरीद गर्न पाउने खरखजाना परिमाण देहाय बमोजिम हुनेछः—

| हातहतियारको किसिम | खरखजानाको परिमाण जम्मा राख्न पाउने खरखजाना | प्रत्येक वर्ष विदेशबाट झिकाउन वा खरीद गर्न पाउने |
|---|---|---|
| (क) १२, १६, २०, ४१० बोरको बन्दुक (शर्टगन) को टोटा | दुईसयसम्म | एकसयसम्म |
| (ख) २२ बोराको राइफलको शर्टगोली | दुईसयसम्म | दुईसयसम्म |
| (ग) भरुवा बन्दुको | १. केप दुईसय<br>२. बारुद दुई के.जी | १. केप एकसय<br>२. बारुद एक के.जी |

❖ चौथो संशोधनद्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| | ३. सर्ट शिसाको गोली | ३. सर्ट शिसाको गोली |
| | दुई के.जी | एक के.जी |
| (घ) हावादारी बन्दुकको | दुई हजार | दुई हजार |
| (ङ) टोटा भर्ने मेशिन | एक | एक |
| १. केप | एक सय | एक सय |
| २. बारुद | एक के.जी | एक के.जी |
| ३. सर्ट | एक के.जी | एक के.जी |
| (च) हावादारी बन्दुकको पिलेट | | |
| बनाउने मेशिन पिलेट | एक | एक |
| | एक के.जी. | एक के.जी. |

तर—

(१) कुटनैतिक सुविधा प्राप्त व्यक्तिले यस उपनियममा उल्लेखित खरखजानाको परिमाणमा दोब्बरसम्म राख्न वा खरिद गर्न पाउनेछ।

(२) नियम ३ को उपनियम (१) बमोजिम इजाजतपत्र लिनु पर्ने हातहतियार बाहेक अन्य हातहतियारको इजाजपत्र प्राप्त व्यक्तिले साविक इजाजतपत्रमा तोकिए बमोजिमको खरखजाना राख्न वा खरिद गर्न पाउनेछ।

(२) उपनियम (१) मा तोकिएको हदमा नबढाई हातहतियार राख्ने इजाजतपत्र (लाइसेन्स) दिंदा सो इजाजतपत्र (लाइसेन्स दिने अधिकारीले इजाजतपत्र (लाइसेन्स) मा नै जम्मा राख्न वा प्रत्येक वर्ष खरिद गर्न वा विदेशबाट झिकाउन पाउने खरखजानाको हद तोकी दिनेछ। त्यसरी हद तोक्दा इजातपत्र (लाइसेन्स) वालाको आवश्यकता र स्थिति समेत हेरी इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीले तोकी दिन सक्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै लेखिएको भए तापनि राइफल क्लवहरुका लागि र खास परिस्थियमा कुनै इजाजतपत्रवालाका लागि बढी खरखजाना राख्न वा खरीद गर्न, झिकाउन दिन उपयुक्त देखेमा नेपाल सरकारले विशेष रुपले अनुमति दिन सक्नेछ।

नेपाल कानून आयोग

(४) उपनियम (१), (२), (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशबाट खरखजाना झिकाउन अनुमति दिंदा त्यस्तो अनुमति दिने वा दिलाउने अधिकारीले आवश्यक सम्झेमा त्यस्तो इजाजतपत्र (लाइसेन्स) वालासँग हाल रहेको स्टक पहिले खरीद गरेको वा झिकाएकोमा खर्च भएको विवरण लिन सक्नेछ।

९. **इजाजतपत्र (लाइसेन्स) को दस्तुर र अवधिः** α(१) इजाजतपत्र दस्तुर अनुसूची ११क. मा तोकिए बमोजिम हुनेछ।

■(१क) यो नियमावली प्रारम्भ हुनु अघि अञ्चलभरको लागि जारी भएको इजाजतपत्रको नवीकरण दस्तुर अनुसूची ११(क) मा जिल्लाभरको लागि तोकिएको नवीकरण दस्तुर सरह नै हुनेछ।

⌘(२) यात्रा इजाजतपत्रको अवधि सोही इजाजतपत्रमा तोकिए बमोजिम र खरीद गर्ने इजाजपत्रको अवधि छ महिनाको हुनेछ। यात्रा इजाजतपत्र र खरीद गर्ने इजाजतपत्र बाहेक यस नियमावली बमोजिम प्राप्त अन्य इजाजतपत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ र सो अवधि नाघेको पैंतीस दिनभित्र अर्को आर्थिक वर्षको निमित्त नवीकरण गराइसक्नु पर्छ। त्यसरी नवीकरण गराउँदा इजाजतपत्र (लाइसेन्स) बहाल रहेको आर्थिक वर्षभित्र एकै पटक दुई आर्थिक वर्ष सम्मको लागि पनि नवीकरण गराउन सकिनेछ।

(३) ➔.......................

(४) ➔ .....................

१०. **नवीकरण (रिन्यू) दस्तुरः** α(१) इजाजतपत्र नवीकरण दस्तुर अनुसूची ११क. मा तोकिए बमोजिम हुनेछ।

(२) नियम ९ को उपनियम (२) मा तोकिएको म्याद नघाई नवीकरण (रिन्यू) गर्न आएमा देहायको अवधिको निमित्त देहाय बमोजिमको थप दस्तुर लाग्नेछः—

(क) नवीकरण (रन्यू) गर्ने म्याद नाघेको पैंतिस दिनमा नवीकरण (रिन्यूवल) दस्तूको सयकडा पच्चीस

---

α चौंथो संशोधनद्वारा संशोधित।

■ तेस्रो संशोधनद्वारा थप।

⌘ दोस्रो संशोधनद्वारा संशोधित।

➔ तेस्रो संशोधनद्वारा झिकिएको।

(ख) खण्ड (क) बमोजिमको म्याद नाघेपछि तीन महिनासम्म नवीकरण (रिन्यूवल) दस्तुरको सयकडा पचास र

(ग) खण्ड (ख) बमोजिम म्याद नाघेपछि सोही वर्षको अन्तसम्म नवीकरण (रिन्यूवल) दस्तुर सरह।

■१०क. **<u>नवीकरण सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) नियम १० को उपनियम (२) को खण्ड (ग) मा तोकिएको म्यादभित्र विशेष परिस्थिति पर्न आई इजाजतपत्र नवीकरण गर्न नसकेको कारण खोली इजाजतपत्रवालाले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएमा उक्त म्याद नाघेको मितिले देहायको अवधिको लागि नियम १० बमोजिम लाग्ने दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गर्न सक्नेछ ।

| | |
|---|---|
| (क) एक वर्ष सम्म | ❁पाँचसय रुपैयाँ |
| (ख) दुई वर्ष सम्म | ❁एकहजार रुपैयाँ |
| (ग) तीन वर्षसम्म | ❁एकहजार पाँचसय रुपैयाँ |
| (घ) चार वर्षसम्म | ❁दुईहजार रुपैयाँ |
| (ङ) पाँच वर्षसम्म | ❁दुईहजार पाँचसय रुपैयाँ |

♠(१क) उपनियम (१) को खण्ड (ङ) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण गराउन नसकेका इजाजतपत्रवालाले नवीकरण हुन नसकेको मनासिब कारण देखाई अन्तिम एक पटकको लागि <u>©संवत् २०७९ साल असार मसान्तभित्र</u> निवेदन दिएमा नियम १० बमोजिम लाग्ने दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि दुई हजार पाँच सय रुपैयाँ थप दस्तुर लिई इजाजतपत्र नवीकरण गरिनेछ।

---

■ तेस्रो संशोधनद्वारा थप ।

❁ छैठौं संशोधनद्वारा संशोधित ।

♠ दशौ संशोधनद्वारा संशोधित।

© एघारौं संशोधनद्वारा संशोधित।

(२) उपनियम α(१क) मा तोकिएको म्याद भित्र पनि इजाजतपत्र नवीकरण गर्न नसकेमा सो इजाजतपत्र स्वतः खारेज हुनेछ र त्यस्तो ♠हातहतियार, खरखजाना जफत हुनेछ।

*११. **नवीकरण (रिन्यूवल) गर्ने अधिकारीः** α(१) देहायको इजाजतपत्रको नवीकरण गर्ने अधिकार देहाय अधिकारीलाई हुनेछः—

| | इजाजतपत्रको किसिम | नवीकरण गर्ने अधिकारी |
|---|---|---|
| ∂(क) | ......................................... | |
| (ख) | ®भरुवा बन्दुक सहित अरु हातहतियारको इजाजतपत्र | प्रमुख जिल्ला अधिकारी वा ♠प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत |
| (ग) | हातहतियार खरखजाना उत्पादन गर्ने मर्मत गर्ने तथा तथा बिक्री गर्ने इजाजतपत्र | नेपाल सकारको स्वीकृति लिई प्रमुख जिल्ला अधिकारी |

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण (लाइसेन्स) रिन्यू गर्ने अधिकारीले चाहेमा इजाजतपत्र नवीकण (लाइसेन्स रिन्यू) गर्दा त्यस्तो इजाजतपत्र (लाइसेन्स) मा उल्लिखित हातहतियार खरखजाना आफू समक्ष निरीक्षणको लागि पेश गर्न लगाउन सक्नेछ।

---

α चौंथो संशोधनद्वारा संशोधित ।

♠ दशौं संशोधनद्वारा संशोधित।

✱ पहिलो संशोधनद्वारा संशोधित ।

∂ बाह्रौं संशोधनद्वारा झिकिएको।

® बाह्रौं संशोधनद्वारा संशोधित ।

α(३) उपनियम (१) को ∂............. खण्ड (ख) बमोजिम ♠प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृतले प्रत्येक वर्ष नवीकरण गरेको इजाजनपत्रको लगत सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ।

∂(४) ..................

१२. **अर्को इलाकामा पनि नवीकरण (रिन्यू) गर्न सकिने:** (१) कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्ति आफ्नो इलाका छाडी अस्थायी रुपमा अन्यत्र गई बसेको अवस्थामा सोही इलाकाको इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गर्ने अधिकारीबाट पनि आफ्नो हातहतियार राख्ने इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम इजाजपत्र नवीकरण (लाइसेन्स रिन्यू) गर्ने अधिकारीले इजाजपत्र नवीकरण (लाइसेन्स रिन्यू) गरी दिएपछि निजले त्यसको सूचना नियम ११ को उपनियम (१) बमोजिम इजाजापत्र नवीकरण (लाइसेन्स रिन्यू) गर्ने अधिकार भएको सम्बन्धित अधिकारीलाई दिनु पर्छ।

१३. **वारेसद्वारा नवीकरण (रिन्यू) गर्न सकिने:** कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्ति कुनै कारणवश इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गराउनु आफैं उपस्थित हुन नसक्ने भएमा वारेसद्वारा आफ्नो इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गराउन सक्नेछ।

१४. **इजाजतपत्र (लाइसेन्स) हराएमा अर्को इजाजतपत्र (लाइसेन्स) लिनु पर्ने:** (१) यस नियमावली बमोजिम प्राप्त कुनै इजाजतपत्र (लाइसेन्स) हराएमा वा चोरिएमा वा अन्य कुनै कारणबाट नासिएमा त्यस्तो इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले अर्को इजाजतपत्र (लाइसेन्स) प्राप्त गर्नको लागि नियम ५ बमोजिम निवेदन दिनु पर्छ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा लेखिएको व्यहोरा मनासिव ठहरे ✿पाँच सय रुपैयाँ दस्तुर लिई इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीले अर्को इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीले अर्को इजाजतपत्र (लाइसेन्स) गरी दिनु पर्छ।

---

α चौंथो संशोधनद्वारा संशोधित ।

♠ दशौं संशोधनद्वारा संशोधित।

∂ बाह्रौं संशोधनद्वारा झिकिएको।

✿ छैठौं संशोधनद्वारा संशोधित ।

१५. **इजाजतपत्र (लाइसेन्स) को लगत कट्टाः** (१) कुनै हातहतियार हराएमा वा चोरिएमा वा बिग्री काम नलाग्ने भएमा वा अन्य कुनै कारणबाट नासिएमा पैंतीस दिनभित्र सो कुराको सूचना त्यस्तो हातहतियारको धनी इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिई त्यस्तो हातहतियारको लगत कट्टा गराउनु पर्छ। हातहतियार हराएमा वा चोरिएमा भने नजिकको प्रहरी ठानामा यथाशीघ्र सात दिन भित्र सूचना दिन अनिवार्य हुनेछ।

तर बिग्रेको हातहतियार मर्मत गरी फेरि काम लाग्ने भएमा वा हराएको वा चोरिएको हातहतियार फेला परेमा यस नियमावली बमोजिम पुनः इजाजतपत्र (लाइसेन्स) लिनु पर्नेछ।

(२) हातहतियार खरखजाना बिक्रि गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले बिक्री गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने काम छाड्न चाहेमा निजले त्यस्तो सूचना प्रमुख जिल्ला अधिकारीलाई दिई त्यसको लगत कट्टा गराउनु पर्छ।

(३) नेपाल सरकारले जफत गरेको वा अन्य कुनै प्रकारले सरकार लागेको हातहतियार खरखजानाको लगत स्वतः कट्टा गरिनेछ।

(४) यस नियमावली बमोजिम दर्ता नगराएको, राख्ने इजाजतपत्र (लाइसेन्स) नलिइएको वा दर्ता गराई राख्ने इजाजतपत्र (लाइसेन्स) लिई सकेकोमा पनि यस नियमावली बमोजिम नवीकरण नगराइएको हातहतियार खरखजानाको लगत स्वतः कट्टा गरिनेछ र त्यस्तो हात हतियार खरखजाना तुरुन्त प्रहरी ठानामा बुझाउनु पर्नेछ।

१६. **लगत राख्ने बारेः** हातहतियार खरखजाना बिक्री गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त र खरखजानाको लगत अनुसूची १२ बमोजिमको ढाँचामा भरी प्रत्येक महिना भुक्तान भएको सात दिनभित्र जिल्ला प्रशासन कार्यालय मार्फत गृह मन्त्रालयमा पठाउनु पर्छ।

१७. **हातहतियारको नामसारीः** (१) कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले आफ्नो कुनै हातहतियार अरु कसैलाई बिक्री गरी वा अरु कुनै तरिकाले हक छाडी दिन चाहेमा त्यस्तो हक छाडी दिने र लिने दुवै थरिले क्रमशः अनुसूची १३ र १४ मा तोकिएको ढाँचामा

नेपाल कानून आयोग

प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनुपर्छ। त्यस्ता हक पाउने व्यक्तिलाई खरिद गर्ने इजाजपत्र (लाइसेन्स) भइराखेको भए वा त्यस्तो व्यक्तिको सम्बन्धमा जाँचबुझ गर्दा इजाजतपत्र (लाइसेन्स) दिन हुने ठहरिएमा ◢<u>एकहजार रुपैयाँ नामसारी दस्तुर लिई</u> प्रमुख जिल्ला अधिकारीले बिक्री गर्ने वा हक छाड्न स्वीकृति दिनेछ।

तर कुटनैतिक सुविधा प्राप्त व्यक्तिले भने परराष्ट्र मन्त्रालय मार्फत गृह मन्त्रालयको स्वीकृति लिई मात्र बिक्री गरी वा हक छाडी दिन सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्ति मरी निजको हातहतियारको नामसारी गराउन निजका सबभन्दा नजिकको उपरे पुगेका हकवालाले प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिएमा प्रमुख जिल्ला अधिकारीले दिन नहुने ठहराइएमा बाहेक ◢<u>एकहजार रुपैयाँ नामसारी दस्तुर लिई</u> त्यस्तो हकवालाको नाममा यस नियमावली बमोजिम नामसारी गरी दिनु पर्छ।

■(३) हातहतियारको इजाजत प्राप्त व्यक्तिले नियम ३ को उपनियम (१) मा उल्लेखित हातहतियार बाहेक अरु हातहतियार कसैलाई बेचबिखन वा नामसारी गर्न पाउने छैन।

■(४) हातहतियारको इजाजत प्राप्त व्यक्तिले उपनियम ३ बमोजिम मनाही नगरिएका हातहतियारहरु पनि इजाजतपत्र पाएको मितिले पाँच वर्ष भुक्तान नभएसम्म बेचबिखन वा नामसारी गर्न पाउने छैन।

तर इजाजतपत्र व्यक्तिले त्यस्तो हतियार सो अवधि ननाघ्दै पनि आफ्नो परिवारको कुनै सदस्यको नाममा नामसारी गरिदिन सक्नेछ।

■(५) उपनियम (२३) बमोजिम निवेदन दिँदा इजाजतपत्र प्राप्त व्यक्तिको मृत्यु भएको मितिले ६ महिनाभित्र सम्बन्धित हकवालाले वा वारिस मार्फत निवेदन दिनु पर्नेछ।

✂.......................

◢ छैठौं संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा थप ।

✂ चौथो संशोधनद्वारा प्रतिबन्धात्मक वाक्यांश झिकिएको ।

♠(५क) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत कुनै हातहतियार खरखजानाको नामसारी गराउन छुट भएको भए अन्तिम एक पटकका लागि ©<u>संवत् २०७९ साल असार मसान्तभित्र</u> मनासिब कारण देखाई निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि दुई हजार पाँच सय रुपैयाँ नामसारी दस्तुर लिई नामसारी गरिनेछ।

❖(५ख) उपनियम (५क) मा तोकिएको म्याद भित्र पनि कसैले इजाजतपत्र नवीकरण नगराएमा वा हातहतियार खरखजानको नामसारी नगरेमा त्यस्तो इजाजतपत्र स्वतः खारेज हुनेछ र सम्बन्धित हातहतियार खरखजाना जफत हुनेछ।

■(६) इजाजत प्राप्त व्यक्तिले नेपाल सकारको स्वीकृति लिई आफूसँग भएको जुनसुकै किसिमको हातहतियार पनि विदेशी नागरिकलाई बेचबिखन गर्न यो नियमले बाधा पुऱ्याएको मानिने छैन।

■१८क. **<u>पुरानो बन्दुकको नाल फुटाएर वा बोल्ट झिकेर राख्न पाउने:</u>** कसैले पुरानो बन्दुकको नाल फुटाएर वा बोल्ट झिकेर सोखको लागि सजाएर राख्न चाहेमा नियम १० बमोजिम तोकिएको नवीकरण दस्तुर तिरी राख्न पाउनेछ।

तर यस्तो बन्दुकको खरखजाना राख्न पाउने छैन।

१९. **<u>प्रहरी ठानामा बुझाएमा हातहतियार खरखजाना तीन महिनाभित्र फिर्ता लिनु पर्ने:</u>** ऐनको दफा ९ को उपदफा (१) बमोजिम बुझाएको हातहतियार खरखजाना फिर्ता दिने निर्णय भएमा त्यस्तो हातहतियार खरखजाना फिर्ता लिन आउनु भनी प्रमुख जिल्ला अधिकारीले सूचना पठाएमा वा प्रकाशित गरेमा त्यस्तो सूचनाा पाएको वा प्रकाशित भएको मितिले मनासिव माफिकको कारण परेमा बाहेक तीन महिनाभित्र फिर्ता लिन आउनु पर्नेछ। त्यसरी फिर्ता लिंदा यस नियमावली बमोजिम इजाजतपत्र (लाइसेन्स) लिनु पर्ने वा इजाजपत्र नवीकरण (लाइसेन्स रिन्यू) गराउनु पर्ने भए सो समेत लिनु पर्नुपर्छ।

---

♠ दशौं संशोधनद्वारा संशोधित ।

© एघारौं संशोधनद्वारा संशोधित।

❖ चौथो संशोधनद्वारा थप।

■ तेस्रो संशोधनद्वारा थप।

■१९क.**हातहतियार दाखिला गर्ने:** (१) इजाजतपत्र प्राप्त व्यक्तिले चाहेमा आफूसँग भएको हातहतियार र खरखजाना जिल्ला प्रहरी कार्यलय मार्फत नेपाल सरकारलाई बुझाउन सक्नेछ।

(२) नियम (३) को उपनियम (२) उल्लेखित हातहतियारको इजाजतपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा त्यस्ता हातहतियार र नियम ४ को उपनियम (१) मा तोकिएको नालभन्दा बढी हातहतियार राख्न पाउने इजाजतपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा त्यस्तो बढी हातहतियार मृतकको हकवालाको इजाजतपत्र प्राप्त व्यक्तिको मृत्यु भएको ६ महिनाभित्र सम्बन्धित जिल्ला प्रहरी कार्यालय मार्फत नेपाल सकारकारमा बुझाउनु पर्नेछ।

(३) नियम १७ को उपनियम (२) बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिको शेषपछि निजको सब भन्दा नजिकको हकवालाको नाममा हातहतियार नामसारी गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीले उपयुक्त नठहराएमा त्यसको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित हकवालाले उक्त हातहतियार सम्बन्धित जिल्ला प्रहरी कार्यालय मार्फत नेपाल सरकारमा बुझाउनु पर्नेछ।

■१९ख. **मुआब्जा दिइने:** नियम १९क. बमोजिम दाखिल हुन आएको हातहतियार र खरखजानाको सम्बन्धमा नियम १९ग. बमोजिम गठित मुआब्जा निर्धारण समितिले निर्धारण गरे बमोजिमको मुआब्जा रकम नेपाल सरकारले त्यस्तो हातहतियार खरखजाना दाखिल गर्ने व्यक्तिलाई दिइने छ।

■१९ग.**मुआब्जा निर्धारण समिति:** α(१) नियम १९ ख. बमोजिम मुआब्जा निर्धारण गर्न देहायका सदस्यहरु भएको एक मुआब्जा समिति रहनेछः

(क) प्रमुख जिल्ला अधिकारी — अध्यक्ष

(ख) काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाको हकमा ✎जङ्गी अड्डाले खटाएको प्रतिनिधि र अन्य जिल्लाको हकमा नेपाली सेनाको स्थानीय व्यारेक प्रमुख — सदस्य

(ग) जिल्ला प्रहरी कार्यालय प्रमुख — सदस्य

---

■ तेस्रो संशोधनद्वारा थप ।

α चौंथो संशोधनद्वारा संशोधित ।

✎ आठौं संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

(घ) भन्सार कार्यालयको प्रमुख वा सो कार्यालय नभएको जिल्लास्थित अर्थ मन्त्रालय अन्तर्गतको कुनै कार्यालयको प्रमुख — सदस्य

(२) मुआब्जा निर्धारण समितिले दाखिला हुन आएको हातहतियार खरखजानाको अवस्था एवं मूल्यको जाँचबुझ गरी मुआब्जा रकम निर्धारण गरी गृह मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) मुआब्जा निर्धारण समितिले निर्धारण गरेको मुआब्जामा चित्त नबुझ्ने व्यक्तिले मुआब्जा निर्धारण भएको कुरा सूचना पाएको मितिले पैंतीस दिनभित्र नेपाल सरकारमा पुनरावेदन दिन सक्नेछ र त्यस्तोमा नेपाल सरकारको निर्णय अन्तिम हुनेछ।

❖१९घ. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीका अनुसूचीहरुमा हेरफेर वा थपघट गर्न सक्नेछ।

२०. **बचाउ:** (१) यो नियमावली प्रारम्भ हुनु भन्दा अघि प्रचलित नेपाल कानून बमोजिम प्रदान गरिएको हातहतियार खरखजाना सम्बन्धी इजाजतपत्र (लाइसेन्स) हरु यो नियमावली प्रारम्भ भएको मितिदेखि यसै नियमावली बमोजिम जारी भएको मानिनेछ।

(२) २०२८ साल चैत्र मसान्तसम्मको लागि नवीकरण (रिन्यू) भएको इजाजतपत्र (लाइसेन्स) हरु २०२९ साल आषाढ मसान्तसम्म नवीकरण (रिन्यू) गराउँदा यसै नियमावली बमोजिम हुनेछ।

---

❖ चौथो संशोधनद्वारा थप ।

दृष्टव्यः—१. हातहतियार खरखजाना (तेस्रो संशोधन) नियमावली, २०४५ द्वारा रुपान्तर भएका शब्दहरुः
"गृह पञ्चायत मन्त्रालय" को सट्टा "गृह मन्त्रालय"।

२. स्थानीय प्रशासन (तेस्रो संशोधन) ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरुः
"जिल्ला कार्यालय" को सट्टा" जिल्ला प्रशासन कार्यालय"।

३. हातहतियार खरखजाना (पहिलो संशोधन) ऐन,२०४८ द्वारा रुपान्तर भएका शब्दहरुः
"स्थानीय अञ्चलाधीश" वा "अञ्चलाधीश" को सट्टा "प्रमुख जिल्ला अधिकारी"।

४. सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः
"शाही नेपाली सेना" को सट्टा "नेपाली सेना"।

५. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः—
"श्री ५ को सरकार "को सट्टा" नेपाल सरकार "।



नेपाल कानून आयोग

## अनुसूची १(क)

**(नियम ५ (क) सँग सम्बन्धित)**

विषयः— हातहतियार खरखजाना नामसारी गरी राख्न इजाजतपत्र (लाइसेन्स) पाउँ ।

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय।
महाशय,

देहायको हातहतियार तथा खरखजानको लागि .......... कार्यालयबाट ........ को नाउँमा ....... नं को इजाजतपत्र (लाइसेन्स) भई राखेको निज .......... मितिमा परलोक भएको र निजको सबभन्दा नजिकको हकदार म भएकोले निवेदन गर्दछु।

मृतकको म भन्दा नजिकको हकदार अरु कोही छैन। म भन्दा नाजिकको वा म सरहको हकदार देहायका व्यक्ति भए पनि मेरो नाउँमा नामसारी भई इजाजतपत्र हुन निजहरुको मञ्जूर यसैसाथ पेश गरेको छु।

म ............ वर्ष पूरा भएको स्वस्थ नेपाली नागरिक हुँ। मृतकसँगको मेरो सम्बन्ध र मेरो हैसियत र चालचलन बारे दुई जना प्रतिष्ठित व्यक्तिको सिफारिश यसैसाथ संलग्न छ । जो बुझ्नु पर्ने बुझी हातहतियार खरखजाना नियमावली, २०२८ बमोजिम दस्तुर लिई सो हातहतियार तथा खरखजाना मृतकको नाउँबाट निजलाई भएको इजाजतपत्रको शतमा वा देहायको शर्तमा मेरो नाउँमा नामसारी इजाजतपत्र गरी पाउँ।

मेरो नाउँमा नामसारी भई इजाजतपत्र पाएमा हातहतियार खरखजाना ऐन, २०१९ र हातहतियार खरखजाना नियमावली, २०२८ को पालन गर्नेछु र सो हातहतियार खरखजाना कानून विरुद्ध कुनै काममा प्रयोग गर्ने गर्न दिने छैन। व्यहोरा झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

| दर्ता गर्न हातहतियार खरखजानाको विवरण | | इजाजतपत्र (लाइसेन्स) गराउन चाहेको इलाका | कुनै अन्य हातहतियारको इजाजतपत्र (लाइसेन्स) प्राप्त गरेको भए त्यसको विवरण | | |
|---|---|---|---|---|---|
| हातहतियार | खरखजाना | हातहतियार | खरखजाना | इजाजतपत्र (लाइसेन्स) दिने कार्यालय | दर्ता नं. |

मितिः—

निवेदक,
..........को छोरा......... बस्ने वर्ष
........को नाम.......... पेशा.......

अनुसूची—१ (ख)

(नियम ५ (क) सँग सम्बन्धित)

विषयः हातहतियार खरखजाना दर्ता गरी राख्न इजाजतपत्र (लाइसेन्स) पाउँ ।

श्री प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय ।

महाशय,

देहायको हातहतियार तथा खरखजाना मेरो नाउँमा भएको .........कार्यालयको मिति .....नं. को हातहतियार खरखजाना खरीद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स) बमोजिम विदेश ....... बाट खरीद गरी झिकाएको। वा नेपाल भित्र ..... हातहतियार खरखजाना बिक्रेताबाट वा ........ कार्यालयबाट.......नं. का. इजाजतपत्र प्राप्त व्यक्तिबाट प्रचलित कानून बमोजिम खरीद गरी लिएको हुँदा सो हातहतियार खरखजाना नियमावली, २०२८ बमोजिम दस्तुर लिई देहायको शर्तमा मेरो नाउँमा दर्ता गरी सुरक्षा/प्रदर्शन/शिकारको लागि इजाजतपत्र गरी पाउँ।

मेरो नाउँमा दर्ता भई इजाजतपत्र पाएमा हातहतियार खरखजाना ऐन, २०१९ र हातहतियार खरखजाना नियमावली, २०२८ को पालना गर्नेछु र सो हातहतियार खरखजाना कानून विरुद्ध कुनै काममा प्रयोग गर्ने गर्न दिने छैन। व्यहोरा झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

मैले पाएको खरीद गर्ने इजाजतपत्र विदेशबाट पैठारी गर्दा तिरको भन्सार महसूल रसिद नेपालभित्र खरीद गर्दाको विल यसै साथ संलग्न छ।

| दर्ता गर्न हातहतियार खरखजानाको विवरण | | इजाजतपत्र (लाइसेन्स) | कुनै अन्य हातहतियारको इजाजतपत्र (लाइसेन्स) प्राप्त गरेको भए त्यसको विवरण | | |
|---|---|---|---|---|---|
| हातहतियार | खरखजाना | हातहतियार | खरखजाना | इजाजतपत्र (लाइसेन्स दिने कार्यालय | दर्ता नं. |

मितिः—

निवेदक

.............को छोरा ........ बस्ने वर्षको

नाम...... ..... पेशा.......



नेपाल कानून आयोग

# अनुसूची–२

## (नियम ५ (ख) सँग सम्बन्धित)

विषयः यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) पाउँ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय।

महाशय,

मेरो नाउँमा ........ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको नं. ...... को इजाजतपत्र (लाइसेन्स) को देहायको हातहतियार खरखजाना निम्न कारणबाट देहायका निम्न ठाउँसम्म लैजानु परेकोले उक्त स्थानसम्म लगी राखी फिर्ता ल्याउन निम्न अवधिको यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु। उल्लिखित म्याद भित्र हातहतियार खरखजाना उल्लिखित स्थान बाहेक अन्य लैजाने वा कानून विरुद्ध कुनै काम गर्ने छैन। व्यहोरा झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

| हातहतियार | खरखजानाको विवरण | लैजाने स्थान | लैजानु पर्ने कारण | अवधि |
|---|---|---|---|---|
| | | | | |

भवदीय,

.........का छोरा .......... बस्ने

वर्ष .......... को नाम ...............

पेशा ....................

मितिः—

नेपाल कानून आयोग

## अनुसूची—३

**(नियम ५(ग) सँग सम्बन्धित)**

विषयः हातहतियार खरखजाना मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) पाउँ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय।

महाशय,

मैले हातहतियार मर्मत गर्ने पेशा अपनाउने इच्छा गरेकोले हातहतियार मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गरेको छु। हातहतियार खरखजाना नियमावली, २०२८ बमोजिम दस्तुर लिई मेरो नाउँमा हातहतियार मर्मत गर्न इजाजतपत्र (लाइसेन्स) गरी पाउँ।

मैले देहायको हातहतियार मर्मत गर्ने कामको प्रशिक्षण र अनुभव ........ मा पाई प्रमाणपत्र पाएको छु / वा छन्।

१. .........................

२. .........................

३. .........................

मैले हातहतियार मर्मत गर्न प्रशिक्षण नपाए पनि ............... कामको अनुभवबाट सो काम राम्रोसँग गर्न सक्छु।

मैले हातहतियार मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) पाएमा सो इजाजतपत्रमा तोकिएको शर्त र हातहतियार खरखजाना ऐन, २०१९ हातहतियार खरखजाना नियमावली, २०३८ र अन्य प्रचलित कानूनको पालना गरी काम गर्नेछु। इजाजतपत्र प्राप्त हातहतियार मात्र मर्मत गर्नेछु। र मर्मत गरेको प्रत्येक हातहतियारको दर्ता किताब राखी इजाजतपत्र (लाइसेन्स) नं .......... इजाजतपत्रवालाको नाम, दाखिल गरेको र फिर्ता लगेको मिति, समय सहिछाप, हातहतियारको हालत र मर्मत गरेको काम, लिएको ज्याला समेतको विवरण खुलाउने छु र इजाजतपत्र (लाइसेन्स दिने नवीकरण (रिन्यू) गर्ने अधिकारी वा प्रहरी अधिकृतले निरीक्षण गर्न चाहेमा निरीक्षण गर्न दिनेछु।

मेरो हैसियत, योग्यता र चालचलनबारे दुई प्रतिष्ठित व्यक्तिहरुको सिफारिश यसैसाथ संलग्न छ। व्यहोरा झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक,

.........को छोरा ......... बस्ने वर्ष

मितिः— .......... को नाम .............. पेशा ............

नेपाल कानून आयोग

## अनुसूची–४

## (नियम ५ (घ) सँग सम्बन्धित)

विषयः हातहतियार खरखजाना खरीद गर्ने इजाजतपत्र (पर्जेज लाइसेन्स) पाउँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय ।

महाशय,

मलाई . . . . . . बोरको . . . . नाले बन्दुक वा राइफल वा पेस्तोल वा रिवल्वर वा / र . . . . त्यसको टोटा . . . खरीद गर्न आवश्यक भएकोले.. . . . ठाउँ स्थित . . . कम्पनी वा पसलबाट खरीद गर्न पाउने इजाजतपत्र (पर्चेज लाइसेन्स) को लागि एक रुपैयाँको टिकट टाँसी निवेदन गरेको छु।

निवेदक,

.......... को छोरा ........... बस्ने

मितिः–

वर्ष ....... को ...... नाम ...........

पेशा ...................

www.lawcommission.gov.np

## अनुसूची—५(क)

**(नियम ५(ङ) सँग सम्बन्धित)**

विषयः हातहतियार खरखजाना बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय ।

महाशय,

देहाय बमोजिमको हातहतियार खरखजाना देहाय बमोजिम उपलब्ध गराई बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउनको लागि एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । हातहतियार खरखजाना बिक्री गर्ने, उत्पादन गर्न इजाजतपत्र (लाइसेन्स) मा तोकिएको शर्त बन्देज उल्लंघन गरेमा ऐन बमोजिम सजाय सहुँला बुझाउँला ।

१ निम्नलिखित व्यहोराबाट उपलब्ध गरी बिक्री गर्नेः—

(क) विदेशबाट पैठारी गरी, वा

(ख) नेपाल ⌦.......... भित्र इजाजतपत्र (लाइसेन्स) वालासँग खरीद गरी ।

२. बिक्री गर्ने स्थान . . . .

३. सालभरमा पैठारी गरी नेपाल ⌦.......... भित्र खरीद गरी बिक्री गर्ने हातहतियार वा खरखजाना विवरण . . . . .

भवदीय,

. . . . . को छोरा . . बस्ने वर्ष

. . .. . को नाम . . . पेशा .

.

मितिः—

⌦ आठौं संशोधनद्वारा झिकिएको ।

नेपाल कानून आयोग

## अनुसूची—५(ख)

## (नियम ५ (च) सँग सम्बन्धित)

विषयः— हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउँ ।

श्री प्रमुख जिल्ला अधिकारी,

जिल्ला प्रशासन कार्यालय।

महाशय,

देहाय बमोजिम हातहतियार खरखजाना देहाय बमोजिम उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउनको लागि एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) वा तोकिएको शर्त बन्देज उल्लंघन गरेमा ऐन बमोजिम सजाय सहुँला बुझाउँला।

निम्नलिखित व्यहोराबाट उत्पादन बिक्री गर्ने।

(क) मेशिनरी, प्राविधिज्ञ, अन्य पदार्थ विदेशबाट पैठारी गरी वा नेपाल ⌦......... भित्र उपलब्ध गर्ने

(ख) उत्पादन गरिने, हातहतियार खरखजानाको किसिम, परिमाण र अन्य विवरण।

(ग) उत्पादन गर्ने कारखानाको स्थान र पूर्ण विवरण।

(घ) सुरक्षा र बिक्रीको व्यवस्था।

(ङ) उत्पादन गरिने हातहतियार वा खरखजानाको अनुमति लगत र बिक्री मोल।

(च) नेपाल ⌦.......... भित्र खपत हुने परिमाण र विदेश निकासी हुने भए त्यसको विवरण।

(छ) अन्य विवरण।

. . . . . को छोरा . . बस्ने वर्ष

. . .. . को नाम . . . पेशा ...

मितिः—

---

⌦ आठौं संशोधनद्वारा झिकिएको ।

# अनुसूची—६

**(नियम ७ (१) सँग सम्बन्धित)**

इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको फोटो

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय।

इजाजतपत्र (लाइसेन्स) नम्बर ...........

हातहतियार खरखजाना राख्न पाउने इजाजतपत्र (लाइसेन्स)

| १ | २ | ३ | | ४ | ५ |
|---|---|---|---|---|---|
| इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको नाम थर, वतन | हातहतियारको विवरण | खरखजानाको विवरण | | हातहतियार खरखजाना राख्न पाउने इलाका | कैफियत |
| | | एकपटकमा राख्न पाउने अधिकतम संख्या | एक सालमा किन्न पाउने अधिकतम संख्या | | |
| | | | | | |
| इजाजतपत्र (लाइसेन्स) पाएको साल र मिति | इजाजतपत्र (लाइसेन्स) बहाल रहने साल र मिति | इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको सहिछाप | | इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीको दस्तखत | |
| इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गरेको साल र मिति | म्याद समाप्त हुने साल र मिति | नवीकरण (रिन्यू) गर्ने अधिकारीको दस्तखत | | नवीकरण (रिन्यू) गर्ने अधिकारीको कार्यालयको छाप, | |

नोटः- इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले पालन गर्नु पर्ने शर्तहरु यसको पछाडि दिइएका छन्।

<u>इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले पालन गर्नुपर्ने शर्तहरुः—</u>

(१) इजाजतपत्र (लाइसेन्स) बमोजिमको हातहतियार खरखजाना इजाजतपत्र (लाइसेन्स) मा लेखिएको मानिस र इलाकाको हकमा मात्र लागू हुने हुँदा त्यस्तो इजाजतपत्र (लाइसेन्स) मा तोकिएको हातहतियार खरखजानाहरु कसैलाई दिन वा नियम बमोजिम इजाजतपत्र (लाइसेन्स) नगराई अन्यत्र लिएर जान हुँदैन।

(२) इजाजतपत्र (लाइसेन्स) मा लेखिए भन्दा बढी खरखजाना राख्ने वा खरीद गर्नु हुँदैन।

(३) इजाजतपत्र (लाइसेन्स) को अवधि समाप्त भएमा वा बदर गरिएमा वा कुनै ठाउँमा हातहतियार खरखजाना राख्न पाउने गरी नेपाल सरकारले सूचना प्रकाशित गरेमा वा त्यस्तो हातहतियार राख्न गैरकानूनी हुन आएमा त्यस्तो हातहतियार खरखजाना तुरुन्त स्थानीय प्रहरी कार्यालयमा वा त्यस्तो सूचनामा तोकिएको स्थानमा बुझाई दिनु पर्छ।

(४) यो इजाजतपत्र (लाइसेन्स) को म्याद भुक्तान भएपछि नियम बमोजिम नवीकरण (रिन्यू) गराउनु पर्छ।

(५) कुनै प्रचलित नेपाल कानूनले मनाही गरेको गाउँमा हातहतियार खरखजाना लिई जानु वा मनाही गरिएको जनावर वा पशु पंक्षीहरुको शिकार खेल्नु हुँदैन।

(६) नेपाल सरकारले तोकेको कुनै कर्मचारीले वा अख्तियार प्राप्त प्रहरी अधिकृतले कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको हातहतियार खरखजाना वा इजाजतपत्र (लाइसेन्स) हेर्न चाहेमा त्यस्तो इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले हातहतियार खरखजाना वा इजाजतपत्र (लाइसेन्स) देखाउनु पर्छ।

(७) यस इजाजतपत्र (लाइसेन्स) मा तोकिएको बाहेक अरु हातहतियार वा खरखजाना राख्न हुँदैन।

(८) यस इजाजतपत्र (लाइसेन्स) बमोजिमको हातहतियारले शिकार खेल्न चाहने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले ▶<u>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०</u> पालन गर्नु पर्नेछ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

**अनुसूची–७**

**(नियम ७ (१) सँग सम्बन्धित)**

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय

यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स)

निम्न हातहतियार खरखजाना . . . . . बस्ने श्री . . . . . . ले साथमा लिई जान र आउन पाउने गरी यो यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) गरी दिएको छ। यसमा सम्बन्धित कर्मचारीले कानून बमोजिम जाँची छाडिदिनु होला।

| हातहतियार र खरखजानाको विवरण | | लिएर जाने स्थान | लैजानु पर्ने कारण | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| हातहतियार | खरखजाना | | | | |
| | | | | | |

द्रष्टव्यः— इजाजतपत्र (लाइसेन्स) वा लेखिएको अवधि नाघेपछि यो इजाजातपत्र (लाइसेन्स) स्वतः रद्द हुनेछ।

प्रमुख जिल्ला अधिकारी

दस्तखत

मितिः—

नेपाल कानून आयोग

# अनुसूची–८

**(नियम ७ (१) सँग सम्बन्धित)**

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय

हातहतियार खरखजाना मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स)

| नियम | इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको नाम थर वतन | मर्मत गर्न पाउने हातहतियारको विवरण | | कैफियत |
|---|---|---|---|---|
| १.यो इजाजतपत्र (लाइसेन्स) को कलम ३ मा लेखिए बमोजिमको हातहतियार मात्र मर्मत गर्नु पर्छ। | | | | |
| २.इजाजतपत्र (लाइसेन्स) भएको हाततियार मात्र मर्मत गर्नुपर्छ।<br>३.मर्मत गरेको हातहतियारको इजाजतपत्र (लाइसेन्स) नम्वर सहित हातहतियारको नियम बमोजिमको विवरण खोली सम्बन्धित प्रमुख जिल्ला अधिकारी कहाँ पठाउनु पर्छ। | इजाजतपत्र (लाइसेन्स) नम्वर र सो पाएको साल र मिति | इजाजतपत्र लाइसेन्स) वहाल रहने साल र मिति | इजाजतनपत्र (लाइसेन्स) रहने साल र मिति | इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीको दस्तखत |
| | इजाजतपत्र नवीकरण लाइसेन्स (रिन्यू) गरेको साल मिति | म्याद समाप्त हुने साल र मिति | नवीकरण (रिन्यू) गर्ने अधिकारीको सहिछाप | नवीकरण (रिन्यू) गर्ने अधिकारीको कार्यालयको नाम |

नेपाल कानून आयोग

## अनुसूची–९

**(नियम ७ सँग सम्बन्धित)**

नेपाल सकार

जिल्ला प्रशासन कार्यालय।

खरीद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स)

| हातहतियार खरखजाना खरीद गर्न पाउने व्यक्तिको नाम, थर, ठेगाना | हातहतियार खरखजानाको किसिम | | हातहतियार र खरखजाना खरीद गर्ने कम्पनी वा पसलको नाम र त्यसको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | हातहतियार | खरखजाना | | |
| | | | | |

प्रमुख जिल्ला अधिकारीको दस्तखत

नेपाल कानून आयोग

## अनुसूची–१०

**(नियम ७(१) सँग सम्बन्धित)**

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय।

हातहतियार खरखजाना बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स)

| नियम | बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स प्राप्त व्यक्तिको नाम, थर वतन | बिक्री गरिने स्थान | बिक्री गर्न पाउने हातहतियार खरखजानाको किसिम | हातहतियार खरखजानाको परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. विदेशबाट उपलब्ध गर्ने हातहतियार खरखजानाको भन्सार महसूल बुझाइएको रसीद पेश गर्नु पर्छ। | | | | | |
| २. बिक्रीको लागि उपलब्ध गरेको तथा बिक्री भएका हातहतियार खरखजानाको नियम बमोजिम विवरण महिना भुक्तान भएको सात दिनभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दाखिला गर्नु पर्छ। | इजाजतपत्र (लाइसेन्स) पाएको साल र मिति | इजाजतपत्र (लाइसेन्स बहाल रहने साल र मिति | इजाजतपत्र (लाइसेन्स पाउने व्यक्तिको सहीछाप | इजाजतपत्र (लाइसेन्स दिने अधिकारीको दस्तखत | |
| ३. हातहतियार खरखजाना खरीद गर्ने इजाजतपत्र (लाइसेन्स) पाएका व्यक्तिलाई मात्र इजाजतत्र (लाइसेन्स) मा तोकिएको हातहतियार खरखजाना बिक्री गर्नु पर्छ। | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. बिक्रीको लागि राखेको हातहतियार खरखजानाको लागत र पसल वा कारखाना सम्बन्धी सवै हिसाब किताबको खाता नेपाल सकारको अधिकार प्राप्त अधिकारीले जाँच्न वा निरीक्षण गर्न चाहेमा जाँच्न वा निरीक्षण गर्न दिनु पर्छ। | इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गरेको साल र मिति | म्याद समाप्त हुने साल मिति | नवीकरण (रिन्यू) गर्ने अधिकारीको दस्तखत | नवीकरण (रिन्यू) गर्ने अधिकारीको कार्यालायको छाप | |
| ५. हातहतियार बिक्रेताले हातहतियार बिक्री गर्दा त्यसको हातहतियारमा रहेको नम्बर, बनाउने कम्पनीको नाउ र अन्य कुनै चिन्ह भए सो समेत आफ्नो रजिष्ट्ररमा जनाई राख्ने पर्छ। | | | | | |
| ६. खरखजाना बिक्री गर्दा इजाजतपत्र (लाइसेन्स) मा तोकिएको अधिकतम संख्यामा नबढाई बेच्नुपर्छ र बिक्री गरेको खरखजानाको संख्या र बिक्री गरेको मिति त्यस्तो खरखजाना किन्ने व्यक्तिको लाइसेन्समा पनि जनाई दिनुपर्छ। | | | | | |
| ७. कलम ३ मा उल्लिखित स्थान बाहेक अन्य हातहतियार खरखजाना बिक्री गर्न हुँदैन। | | | | | |

## अनुसूची–११
## (नियम ७(१) सँग सम्बन्धित)

नेपाल सरकार

जिल्ला प्रशासन कार्यालय

हातनहतियार खरखजाना बिक्री गर्ने र उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स)

| नियम | बिक्री र उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको नाम, थर वतन | बिक्री उत्पादन गरिने स्थान | बिक्री उत्पादन गर्न पाउने हातहतियार खरखजानाको किसिम | हातहतियार खरखजानाको परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. यो इजाजतपत्र (लाइसेन्स) बमोजिम उत्पादन गरेको हातहतियार खरखजाना बिक्री गर्नु अघि नेपाल सरकारले तोकिदिएको व्यक्तिद्वारा जाँच गराई निजले प्रमाणित गरिदिएको हातहतियार खरखजाना मात्र बिक्री गर्नु पर्छ । | | | | | |
| २. बिक्रीको लागि उपलब्ध गरेको तथा बिक्री भएका हातहतियार खरखजानाको नियम बमोजिम विवरण महिना भुक्तान भएको सात दिनभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दाखिल गर्न पर्छ। | इजाजतपत्र (लाइसेन्स) पाएको साल र मिति | इजाजत पत्र (लाइसेन्स) बहाल रहने साल र मिति | इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको सहीछाप | इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीको दस्तखत | |
| ३. हातहतियार खरखजाना खरीद गर्ने इजाजपत्र (लाइसेन्स) पाएकालाई मात्र इजाजतपत्र | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| (लाइसेन्स) मा तोकिएको हातहतियार खरखजाना बिक्री गर्नु पर्छ। | | | | | |
| ४. बिक्रीको लागि राखेको हातहतियार खरखजानाको लागत र पसल वा कारखाना सम्बन्धी सवै हिसाब किताबको खाता नेपाल सरकारको अधिकार प्राप्त अधिकारीले जाँच्न वा निरीक्षण गर्न चाहेमा जाँच्न वा निरीक्षण गर्न दिनु पर्छ। | इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गरेको साल र मिति | म्याद समाप्त हुने साल मिति | नवीकरण (रिन्यू) गर्ने अधिकारीको दस्तखत | नवीकरण (रिन्यू) गर्ने अधिकारीको कार्यालयको छाप | |
| ५. हातहतियार बिक्रेताले हातहतियार बिक्री गर्दा त्यसको हातहतियारमा रहेको नम्बर, बनाउने कम्पनीको नाउँ र अन्य कुनै चिन्ह भए सो समेत आफ्नो रजिष्टरमा जनाई राख्ने पर्छ। | | | | | |
| ६. खरखजाना बिक्री गर्दा इजाजतपत्र (लाइसेन्स) मा तोकिएको अधिकतम संख्यामा नबढाई बेच्नु पर्छ र बिक्री गरेको खरखजानाको संख्या र बिक्री गरेको मिति त्यस्तो खरखजाना किन्ने व्यक्तिको लाइसेन्समा पनि जनाई दिनुपर्छ। | | | | | |
| ७. कलम ३ मा उल्लिखित स्थान बाहेक अन्यत्र हातहतियार बिक्री गर्न हुँदैन। | | | | | |

नेपाल कानून आयोग

## ◎अनुसूची–११क.

**(नियम ९ को उपनियम (१) र नियम १० को उपनियम (१) सँग सम्बन्धित)**

**हातहतियार र खरखजानाको इजाजतपत्र दस्तुर एवं नवीकरण दस्तुर**

♠(क) हातहतियार राख्ने इजाजतपत्रः

| विवरण | इजाजतपत्र दस्तुर (रुपैयाँमा) | | नवीकरण दस्तुर (रुपैयाँमा) | |
|---|---|---|---|---|
| | जिल्लाभर | नेपालभर | जिल्लाभर | नेपालभर |
| १. पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्येकको | ५,०००।- | ६,०००।- | ३,०००।- | ४,०००।- |
| २. टोटावाल बन्दुक वा मिनिएचर राइफल प्रत्येकको | ४,०००।- | ५,०००।- | २,०००।- | ३,०००।- |
| ३. भरुवा बन्दुक प्रत्येकको | ३,०००।- | ३,०००।- | १,५००।- | २,०००।- |
| ४. हावादारी बन्दुक प्रत्येकको | २,०००।- | २,५००।- | १,०००।- | १,५००।- |

♠(ख) हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्रः

| विवरण | इजाजतपत्र दस्तुर (रुपैयाँमा) | नवीकरण दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. हातहतियारको | २५,०००।- | १५,०००।- |
| २. खरखजानाको | २०,०००।- | १५,०००।- |
| ३. हातहतियार खरखजाना दुवैको | ३५,०००।- | २०,०००।- |

---

◎ मिति २०६०।७।३ को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर।

♠ दशौं संशोधनद्वारा संशोधित।

(ग) हातहतियार खरखजाना विक्री गर्ने इजाजतपत्रः

| | इजाजतपत्र दस्तुर | नवीकरण दस्तुर |
|---|---|---|
| १. हातहतियारको रु. | २,०००।— | १,०००।— |
| २. खरखजानाको रु. | २,०००।— | १,०००।— |
| ३. हातहतियार खरखजाना दुवैको रु. | ४,०००।— | २,०००।— |

(ङ) यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स):

| | |
|---|---|
| १. पिस्तोल रिभल्वर वा मिनिएचर ✪राइफल सहित अन्य राइफल प्रत्येकको रु. | २००।— |
| २. टोटावाल बन्दुक वा मिनियचर राइफल प्रत्येकको रु. | १००।— |
| ३. भरुवा बन्दुक प्रत्येकको रु. | ५०।— |

नेपाल कानून आयोग

✪ २०५२।७।२७ को सूचनाद्वारा "राइफल बाहेक" भन्ने शब्दहरुको सट्टा "राइफल सहित" भन्ने शब्दहरु राखी हेरफेर गरिएको ।

## अनुसूची—१२

### (नियम १६ सँग सम्बन्धित)

हातहतियार खरखजाना मर्मत गर्ने, बिक्री गर्ने वा उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स) पाएका व्यक्तिले दिनु पर्ने लागत इजाजतपत्र (लाइसेन्स) नम्बरः—

महिना ............... साल ...................... मिति .....................

| उत्पादन गरेको वा मर्मत गरेको वा बिक्रीको लागि प्राप्त गरेको हातहतियार खरखजानाको विवरण | यो महिनामा मर्मत गरेको, बिक्री गरेको, उत्पादन गरेको | मर्मत गराउने वा खरीद गर्ने व्यक्तिको नाम, थर, वतन र इजाजतपत्र (लाइसेन्स) नम्वर | कैफियत |
|---|---|---|---|
| | | | |

इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको नाम र थर ....................

स्थायी वतन .................................................................

मर्मत, बिक्री वा उत्पादन गर्ने स्थन .......................................

इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको सहीछाप .........................

नेपाल कानून आयोग

## अनुसूची—१३

**(नियम १७ सँग सम्बन्धित)**

विषयः— हातहतियार खरखजानाको हक छाडी दिने इजाजतपत्र पाउँ।

श्री प्रमुख जिल्ला अधिकारी,

. . . . . . .जिल्ला प्रशासन कार्यालय।

महोदय,

मेरो नाममा . . . . . . . . जिल्ला प्रशासन कार्यालयबाट लाइसेन्स भैरहेको हातहतियार खरखजाना मध्ये देहायको हातहतियार खरखजाना.......को छोरा वर्ष .......को . . . . . .बस्ने . .. लाई दिन मेरो मन्जूर भएकोले मेरा नामबाट लगत कट्टा गरी निजको नाममा नामसारी दर्ता प्रमाणपत्र गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु। मैले जाने बुझेसम्म निजको हैसियत र चालचलन राम्रो नै छ। यो व्यहोरा झुठो ठहरे ऐन बमोजिम सहुँला बुझाउँला।

---

इजाजतपत्र (लाइसेन्स भैरहेको हातहतियार खरखजानाको विवरण)

| | हातहतियार | खरखजाना | इजाजतपत्र (लाइसेन्स) नम्बर | कैफियत |
|---|---|---|---|---|
| जम्मा हातहतियार खरखजाना लगत कट्टा गर्ने। | | | | |
| बाँकी कायम रहने हातहतियार खरखजाना | | | | |

भवदीय,

निवेदकको सहीछाप

मितिः—



नेपाल कानून आयोग

## अनुसूची—१४

**(नियम १७ सँग सम्बन्धित)**

विषयः— हातहतियार खरखजाना नामसारी गरी इजाजतपत्र (लाइसेन्स) गरी पाउँ।

श्री प्रमुख जिल्ला अधिकारी,

............... जिल्ला प्रशासन कार्यालय।

महोदय,

.................. बस्ने ................ ले आफ्नो नाममा ..................... जिल्ला प्रशासन कार्यालयबाट इजाजतपत्र (लाइसेन्स) भएको देहायको हातहतियार खरखजाना मलाई हक छाडी दिने भएकोले मेरो नाममा लाइसेन्स गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु।

| दर्ता गर्ने हातहतियार खरखजानाको विवरण | | इजाजतपत्र (लाइसेन्स) गराउन चाहेको इलाका | यस भन्दा अघि कुनै हतियारको इजाजतपत्र (लाइसेन्स) रहेको भए त्यसको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|
| हातहतियार | खरखजाना | | हातहतियार | खरखजाना | इजाजतपत्र (लाइसेन्स) गरिदिने कार्यालय | दर्ता नम्बर | कैफियत |

भवदीय,

....... को छोरा ............... बस्ने

वर्ष ..........को नाम ...............

मितिः—

पेशा ............................

नेपाल कानून आयोग